म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ४३ | आइतबार २६ भदौ २०७९ | ने. सं. ११४२ ञलगा | 11 September, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**घर तथा फ्ल्याट भाडामा**

हेटौंडा-२ स्थित सिद्धार्थ स्कुल अगाडि रहेको साडे २ तल्ला घर भाडामा रहेको हुँदा अफिस, आवास तथा गोदामको लागि आवश्यक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

हेटौंडा-५, अब्बलडाँडामा रहेको १ तल्ला घर विक्री तथा भाडामा रहेको छ ।

हेटौंडा-५, पिप्ले रुद्रेश्वर मन्दिर नजिक रहेको २६ धुर जग्गा बिक्रीमा रहेको हुँदा इच्छुक महानुभावहरुले तुरुन्छ सम्पर्क गर्नुहोला ।

सम्पर्क नं. ९८५११३२८७४
९८४५०२८४३१

# अब जनताको घरदैलोमै स्वास्थ्य सेवा पुऱ्याउनु पर्छः डीना

साझाकुरा संवाददाता

हेटौंडा, २५ भदौ/ नेपाली कांग्रेस पार्टीका सहमहामन्त्री महालक्ष्मी उपाध्याय 'डीना'ले अब जनताले घरदैलोमै स्वास्थ्य सेवा पाउनुपर्नेमा जोड दिएकी छन् ।

नेपाल स्वास्थ्यकर्मी संघ हेटौंडा नगरको प्रथम अधिवेशन शनिबार हेटौंडामा उद्घाटन गर्दै सहमहामन्त्री डीनाले लामो संघर्षपछि प्राप्त उपलब्धिबाट बनेको सरकारले अब जनताको घरदैलोमा सरल र सुलभ तरिकाले स्वास्थ्य सेवा पुऱ्याउनुपर्ने बताइन् । 'समयमा उपचार नपाएर अझै पनि जनताले अकालमा ज्यान गुमाउनुपर्ने अवस्था रहेको छ', सहमहामन्त्री डीनाले अब उपचार नपाउने अवस्था होइन, घरदैलोमा उपचार पाउने अवस्था निर्माण गर्न आफू लाग्ने बताइन् ।

स्वास्थ्य क्षेत्रको विकासमा भएका महत्वपूर्ण निर्णयहरु नेपाली कांग्रेस पार्टी नेतृत्वकै सरकारले गरेको भन्दै सहमहामन्त्री डीनाले स्वास्थ्यमन्त्री गगन थापा भएको बेला लागू भएको स्वास्थ्य बीमा कार्यक्रमले जनतालाई स्वास्थ्य सुविधा लिन धेरै सजिलो भएको बताइन् । स्वास्थ्यको क्षेत्रमा सरकारले धेरै लगानी गरेको भएपनि पर्याप्त नभएको उनको तर्क थियो ।

मानिसको जीवनसंग जोडिएकाले स्वास्थ्यकर्मीहरुले यसलाई पेशामात्र नठानेर जीवन बचाउने धर्मको रुपमा लिनुपर्ने भन्दै सहमहामन्त्री डीनाले कांग्रेस शुभेच्छुक संगठन नेपाल स्वास्थ्यकर्मी संघआबद्ध स्वास्थ्यकर्मीहरुलाई दत्तचित्त भएर जनताको सेवामा लाग्न निर्देशन दिइन् । उनले स्वास्थ्य क्षेत्रमा कार्यरत् कर्मचारीहरुको पारिश्रमिक ज्यादै न्यून रहेकोले नेपालमै काम नगरेर स्वास्थ्य क्षेत्रका दक्ष जनशक्ति विदेशिनु परिरहेको दु:खद् पक्ष औंल्याइन् । 'निजी स्वास्थ्य संस्थामा काम गर्ने महिला स्वास्थ्यकर्मीहरुको पारिश्रमिकको अवस्था त झन् नाजुक रहेको छ', सहमहामन्त्री डीनाले अब काम अनुसारको पारिश्रमिक र पारिश्रमिक अनुसारको जनतालाई दिने सेवा सुनिश्चित हुने गरी नीतिगत व्यवस्था हुनुपर्नेमा आफू लड्ने प्रतिबद्धता जनाइन् ।



कार्यक्रममा बोल्दै नेपाली कांग्रेस मकवानपुर जिल्ला सभापति बुद्ध लामाले स्थानीय सरकारअन्तर्गत् काम गर्ने स्वास्थ्यकर्मी सरकारले जनतासंग भेट्ने माध्यम भएको बताए । उनले स्वास्थ्यकर्मीले जनताको घरघरमा गएर दिने सेवा अत्यन्त व्यवस्थित हुनुपर्नेमा जोड दिए ।

कार्यक्रममा नेपाली कांग्रेस जिल्ला सदस्य आनन्दराम पराजुलीले देश विकास हुन शिक्षा र स्वास्थ्य क्षेत्रको विकास अपरिहार्य रहेको बताए । उनले विकासको नाममा बाटोघाटो र भवनमात्र बनाएर नहुने भन्दै शिक्षा, स्वास्थ्य र रोजगार सिर्जना गर्ने काममा तीनै तहको सरकार योजनाबद्ध तरिकाले लाग्नुपर्नेमा जोड दिए । संघ जिल्ला अध्यक्ष भीमसागर गुरागाईंको सभाध्यक्षता रहेको कार्यक्रममा नेपाली कांग्रेस मकवानपुर क्षेत्र नं. १ का संघीय सभापति दामोदर खनाल, क्षेत्र नं. १ ख का सभापति तथा हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँ, कांगेस हेटौंडा नगर सभापति उत्सव इटेनी र संघका निवर्तमान अध्यक्ष रामआदर पाण्डेलगायतले स्वास्थ्यकर्मीको काम, कर्तव्य, अधिकार र जनतालाई पुऱ्याउनुपर्ने सेवाको बारेमा प्रकाश पारेका थिए ।

## संघ नगर अध्यक्षमा बर्तौला

साझाकुरा संवाददाता

हेटौंडा, २५ भदौ/ नेपाल स्वास्थ्यकर्मी संघ हेटौंडा उपमहानगर समितिको शनिबार हेटौंडामा सम्पन्न प्रथम अधिवेशनले प्रकाश बर्तौलाको अध्यक्षतामा १५ सदस्यीय संघ हेटौंडा नगर समिति सर्वसम्मतरुपमा चयन गरेको छ ।



नव गठित कार्यसमितिमा उपाध्यक्षत्रय विष्णु थापा (निजी) र मञ्जु गौतम (सरकारी) र मिना कुमारी (महिला), सचिव प्रतिमा घलान, कोषाध्यक्ष अञ्जिता रिमाल, सहसचिव प्रतिष्ठा कार्की र सदस्यहरुमा आशिष बास्तोला, संघर्ष गुरुङ, रामानन्द चौधरी, चन्द्रशेखर ठाकुर, कृष्ण ढकाल, राजु श्रेष्ठ, कल्पना राया र उमेश अधिकारी चयन भएका हुन् ।

## सकियो रोटऱ्याक्टको जिल्ला अध्यक्ष-सचिव भेला

साझाकुरा संवाददाता

हेटौंडा, २५ भदौ/ बागमती प्रदेशको राजधानी हेटौंडामा शनिबार रोटऱ्याक्ट डिष्ट्रिक्ट ३२९२ को आयोजनामा अध्यक्ष-सचिव भेला (पीएस मिट) सम्पन्न भएको छ ।

रोटऱ्याक्ट क्लब अफ मकवानपुर र रोटऱ्याक्ट क्लब अफ हेटौंडाको आतिथ्यतामा अध्यक्ष-सचिव भेला भएको हो ।

हेटौंडाको मोटल एभोकाडो एण्ड अर्किड रिसोर्टमा भएको भेलामा देशैभरका रोटऱ्याक्ट क्लबका अध्यक्ष र सचिवहरु भेला भएका थिए । हेटौंडा उपमहानगरपालिकाका मेयर मिनाकुमारी लामाले भेलाको उद्घाटन गरेकी हुन् । उनले सामाजिक संघसंस्थामा आबद्ध युवाहरुलाई राष्ट्र निर्माणको अभियानमा समेत सघाउ पुऱ्याउन अनुरोध गरे ।

'रोटरी, रोटऱ्याक्ट लगायतका सामाजिक संघसंस्थाले पनि नेपाली समाजमा महत्वपूर्ण योगदान पुऱ्याइरहेका छन्', उनले भनिन्, 'सामाजिक कामसंगै मुलुकको विकासमा समेत लागिपर्न अनुरोध गर्न चाहन्छु ।'

कार्यक्रमले हेटौंडामा रहेका पर्यटकीय गन्तव्यहरुलाई देशैभर चिनाउन मद्दत पुग्ने विश्वास व्यक्त गर्दै उनले अवलोकन भ्रमणको निम्ति अनुरोध समेत गरिन् ।

रोटऱ्याक्ट क्लब अफ हेटौंडाका अध्यक्ष मिलन ढकालको अध्यक्षतामा भएको उद्घाटन समारोहमा रोटऱ्याक्टका डीआरआरसी दुर्गाप्रसाद सुवेदी, डीआरआर लक्ष्मण खरेल, रोटरी क्लब अफ हेटौंडाका अध्यक्ष सुयसराज पराजुली, रोटऱ्याक्ट क्लब अफ मकवानपुर अध्यक्ष प्रदीपकुमार राईलगायतले मन्तव्य व्यक्त गरेका थिए । हरेक रोटा वर्षको पहिलो त्रैमासिकमा आयोजना गरिने अध्यक्ष सचिवको भेलाले रोटऱ्याक्टसंग सम्बन्धित विभिन्न मुद्दा तथा प्रस्तावहरुमा छलफल गर्ने गर्दछ । कार्यक्रममा रोटऱ्याक्ट क्लब अफ बुटवल साउथ, युनाइटेड बीरगञ्ज र बर्दिबासले सहसंयोजनको भूमिकामा रहेको थियो ।

कार्यक्रमलाई महेन्द्र प्युरिफायरले मुख्य प्रायोजन गरेको थियो भने सागर डिष्टिलरी, युनिलिभर नेपाल, स्मार्ट स्टडी, कान्तिपुर म्यानेजमेन्ट, एभरेष्ट कलर, एमएम पोलिमर्स, सिद्धार्थ बैंक, महालक्ष्मी विकास बैंक, जोभियल, कफिबार लगायतले प्रायोजन गरेको थियो । कार्यक्रममा करिब १ हजार जना रोटऱ्याक्ट प्रतिनिधिहरु सहभागी थिए ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

सेवाहरूः
- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

## बकैयामा ४० पाउन्ड रगत संकलन



साझाकुरा संवाददाता

हेटौंडा, २५ भदौ/ बकैया गाउँपालिकामा स्थानीय हातेमालो क्लबले आयोजना गरेको रक्तदान कार्यक्रममा ४० पाउन्ड रगत संकलन गरिएको छ ।


रक्तसञ्चार केन्द्र हेटौंडामा रगतको कमी हुन थालेपछी बकैयामा शनिबार क्लवले गाउँपालिकामा रक्तदान कार्यक्रमको आयोजना गरेको थियो । उक्त कार्यक्रममा ४० पाउन्ड रगत संकलन गरिएको रक्तसंचार केन्द्र हेटौंडा प्रमुख टंक दाहालले जानकारी दिए । हतेमालो कल्बका अध्यक्ष बरुण कार्की तथा बकैया गाँउपालिका अध्यक्ष धर्मराज लामीछानेले कार्यक्रमको उद्घाटन गरेका थिए ।

कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी मकवानपुर प्रमुख लक्ष्मण भट्टराई, बकैया-४ का अध्यक्ष राजन दङ्गाल, ५ नं. वडाध्यक्ष लक्ष्मी जिम्बा, रेडक्रस छतिवनका अध्यक्ष भरत सापकोटालगायत स्थानीय युवाहरुको सहभागिता रहेको थियो ।

# तीन वर्षमा बागमती प्रदेशमा दुई हजार ८ सय ७३ गरे आत्महत्या

साझाकुरा संवाददाता

हेटौंडा, २५ भदौ/ पछिल्लो तीन वर्षमा बागमती प्रदेशमा दुई हजार ८ सय ७३ जनाले आत्महत्या गरेका छन् ।



विश्व आत्महत्या रोकथाम दिवसको अवसरमा शनिबार स्वास्थ्य निर्देशनालय कार्यालयले आयोजना गरेको कार्यक्रममा उक्त जानकारी दिइएको हो ।

बागमती प्रदेश प्रहरी कार्यालयका प्रहरी वरिष्ठ उपरिक्षक दीपक रेग्मीले प्रदेशमा आत्महत्याको अवस्थाको विषयमा प्रस्तुतीकरण गर्दै तीन वर्षमा दुई हजार ८ सय ७३ जनाले आत्महत्या गरेको जानकारी दिए । रेग्मीको अनुसार प्रदेशमा २०७६/०७७ सालमा नौसय ३५ जना, २०७७/०७८ मा एकहजार ३६ जना र आव २०७८/०७९ मा नौसय २ जनाले आत्महत्या गरेका छन् ।

प्रदेशमा उपत्यकाबाहेक सबैभन्दा धेरै आत्महत्याको घटना चितवनको भएको रेग्मीको प्रस्तुतीकरणमा उल्लेख छ । गएको तीन वर्षमा प्रदेशभरिमा भएको आत्महत्याको घटना चितवनमा २१ प्रतिशत, मकवानपुर र काभ्रेमा १४ प्रतिशत, धादिङमा १२ प्रतिशत, सिन्धुपाल्चोकमा ११ प्रतिशत, सिन्धुली र नुवाकोटमा ८ प्रतिशत, दोलखामा ६ प्रतिशत, रामेछापमा ५ प्रतिशत र सबैभन्दा कम रसुवामा १ प्रतिशत रहेको उनको भनाइ छ । मकवानपुरमा आव २०७६/७७ मा विष खाएर ६० जना, झुण्डिएर ८६ जना, आव २०७७/७८ मा विष खाएर ४८ जना, झुण्डिएर ९२ जना र पानीमा हामफालेर १ जनाले आत्महत्या गरेको बताए ।

त्यस्तैगरी उनले आव २०७८/०७९ मा विष खाएर ३२ जना, झुण्डिएर ९० जना र पानीमा हामफालेर २ जनाले आत्महत्या गरेको बताए । उनले मानसिक रोग र दीर्घरोग, एक्कासी पर्ने तनाव, चरम निराशा, गरिबी, कष्टदायिक पारिवारिक जीवन, अवैध गर्भ, पारिवारिक बेमेल, घरेलु हिंसा, दाइजो प्रथा, प्रेममा धोका, परिवारबाट तिरस्कृत, असफलता जस्ता विभिन्न कारणले मानिसहरु आत्महत्या गर्ने गरेको पाइएको बताए ।

स्वास्थ्य निर्देशक महेश्वर श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा पत्रकार महासंघ मकवानपुरका अध्यक्ष मणिराज गौतम, बागमती प्रदेश महासंघका निवर्तमान अध्यक्ष प्रताप विष्ट, कोसिस संस्थाका थमकुमारी कुँवर, स्वास्थ्य मन्त्रालयका डा. रविन भुषाल, स्वास्थ्य निर्देशनालयका पदमराज कैनी, प्रहरी तथा सञ्चारकर्मीहरुको सहभागिता रहेको थियो ।



## हाम्रो कुरा

# मोतिरामको योगदान नभुलौं

मोतिराम भट्टको जन्म १९२३ साल कुशे औंसीका दिन भदौ २५ गते, शनिबार काठमाडौंको भोसिको टोलमा भएको थियो । मोतिराम भट्ट नेपाली साहित्यका एउटा अलौकिक व्यक्तित्व थिए । उनी नेपाली भाषा साहित्यको सृजना, संगठनका प्रेरक थिए । पढ्दै, पुस्तक लेख्दै, सम्पादन गर्दै, पत्रिका चलाउँदै, पुस्तकालय खोल्दै, छापाखानाको स्थापना गर्दै, अरुलाई लेख्न प्रेरणा दिँदै यिनले नेपाली धर्तीलाई बिर्सिनसक्नुको गुन लगाएका छन् । नेपालका लागि मरिमेट्ने उनी ठूला सपूत थिए । नेपाली साहित्य वा नेपाली भाषामा एउटा नयाँ र नौलो आयाम भित्र्याई नेपाली साहित्य आकाश र नेपाली भाषामा अतुलनीय योगदान दिने यी महान् हस्तीको शनिबार जन्मतिथि मनाइएको छ । ६ वर्षको उमेरमा नै शिक्षा हासिल गर्न बनारस पुगेका मोतिरामले सानै उमेरमा नेपाली, संस्कृति तथा उर्दू भाषाको साहित्यिक विधामा राम्रो दख्खल बनाए । मोतिरामले वि.सं. १९४८ मा आदिकवि भानुभक्त आचार्यको जीवनचरित्रलाई नेपाली साहित्यमा परिचित गराउने काम गरेर प्रसिद्धि कमाए ।

मोतीराम भट्ट नेपाली साहित्य क्षेत्रमा भानुभक्त आचार्यपछि आउने सशक्त व्यक्तित्व हुन् । यिनै महान् व्यक्तित्वले नेपाली भाषा साहित्यमा समालोचनाको श्रीगणेश गरे । आदिकवि भानुभक्त आचार्यको जीवनचरित्रमा मोतीराम भट्टले प्रभाववादी ढङ्बाट व्याख्यात्मकरुपमा भानुभक्तबारे प्रशंसाको थाक पनि लगाएका छन् । उनले भानुभक्तलाई स्थापित गर्न धेरै जुक्ति लगाएका थिए । भानुभक्तलाई महान् कवि बनाउन उनले कैयौं फुटकर कविता रच्दै भानुभक्तका नाउँमा पनि समाविष्ट गराएका थिए भनिन्छ । नेपाली साहित्यलाई छोटो समयमै उन्नतिको शिखरमा पुऱ्याउने मोतिराम भट्ट बहुमुखी प्रतिभाका धनी थिए । बनारस बसाईकै क्रममा मोतिरामले राम्रा-राम्रा गजल गाएका थिए भने चारसय जति शायरी लेखेका थिए । त्यसैबेला यिनले सितारवादन पनि जानेका थिए । त्यस समयमा युगल दोहोरी, जुहारी र श्लोकहरु सुनेपछि मोतिरामलाई पनि नेपाली भाषामा विशेष रुचि र ज्ञान पलायो । ती श्लोकहरु भानुभक्तले लेखेका हुन् भन्ने थाहा पाएपछि मोतिराम भानुभक्तका गुनगानमा लाग्न थाले र उनका कृतिहरु खोजीखोजी प्रकाशन गर्ने काममा लागे । मोतिरामले भानुभक्तलाई चिनाएका मात्र होइनन्, उनी आफैं कवि, गजलकार, गीतकार, नाटककार पनि थिए । उनले भारतजीवन भन्ने हिन्दी पत्रिकाको नेपाली संस्करण प्रकाशन गर्दै नेपाली भाषाका पुस्तकहरु पनि छापे ।

थोरै बाँचेर नेपाली साहित्यमा अत्यन्तै धेरै योगदान पुऱ्याएका मोतिराम भट्ट नेपाली साहित्यका प्रेरक व्यक्तित्व, कुशल नायक र होनहार प्रतिभा मानिन्छन् । उनी विशेषत: श्रृङ्गारवादी साहित्यकार थिए । आफ्नो ३० वर्षे जीवनकालमा मोतिरामले नेपाली साहित्य आकाशमा पन्ध्र वर्षजति मात्र सक्रियरुपमा सेवा गरे । यस अवधिमा उनले २ दर्जनभन्दा बढी कृति सिर्जना गरेर नेपाली भाषा साहित्यको श्रीवृद्धिमा समर्पण गरे । उनको योगदानका कारण उनी यस देशका राष्ट्रिय विभूति बनेका छन् । उनका नाउँमा कैयौं संघसंस्था, बाटाघाटाको निर्माण भएका छन् । उनका नाउँमा हुलाक टिकट निकालिएको छ । उनैको नाउँमा पुरस्कारसमेत स्थापना भएको छ । मोतिरामको सृजना, गोडमेल र जलमलका कारण नेपाली भाषा, साहित्यले आजको स्थिति ओगटेको हो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ भदौ २७ गते सोमबार १२ सेप्टेम्बर २०२२ । आश्विन कृष्णपक्ष द्वितीया । ञलगा ११४२ ने.सं. । सूर्योदय ५:४८, सूर्यास्त ६:११ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : सकारात्मक सोचाइ रहनेछ | तुला | : शुभ समाचार मिल्नेछ |
| वृष | : दया मायाका कार्य हुनेछन् | वृश्चिक | : व्यापार लाभप्रद रहनेछ |
| मिथुन | : धार्मिक आस्था बढ्नेछ | धनु | : सन्तानको चिन्ता बढ्नेछ |
| कर्कट | : अधिक परिश्रम गर्नु पर्नेछ | मकर | : सम्पत्तिसम्बन्धी विवाद हुनेछ |
| सिंह | : मेहनतको फल पाइनेछ | कुम्भ | : रोकिएका काम सम्पादन हुनेछन् |
| कन्या | : कार्यभार र व्यस्तता बढ्नेछ | मीन | : पठन-पाठनमा प्रगति हुनेछ |

# अभिभावक गुमेको देश



अच्युतप्रसाद पौडेल 'चिन्तन'

*भरपर्दो जनशक्ति योजनाको अभाव भएको, दक्ष जनशक्ति पनि विदेश पलायन भएको अवस्था छ, रोजगारी केवल राजनैतिक मात्रै भएको र प्रशासन, प्रहरी, सेना, संस्थान सबै किसिमका कर्मचारीहरूलाई दलमा लाग्न प्रेरित गरिएको छ ।*

बत्तीस वर्षदेखि देश दलहरूको सिण्डिकेटमा चलेको छ । जनता करको मारले थिचिएका छन्, नेताजीहरूको उपचार खर्च मात्रै अर्बौं अर्बको छ, संघीयता, लोकतन्त्र र गणतन्त्रलाई दुहुनो भैंसी बनाएका नेताहरूले न प्रदेशको नाम राख्न सके, न देशमा उत्पादन वृद्धि गरेर व्यापारघाटा कम गर्न सके, न विदेशी ऋण नै घटाउन सके, पछिल्लो समय झन् झन् बढेको अवस्था छ । अब त एक नेपाली जन्मँदै ६९ हजार ऋण बोकेर जन्मने भएको छ ।

जन प्रतिनिधि भनिएको संसद्लाई पेवा मात्र बनाएनन्, कोमामा धकेले, अदालतबाट ब्युँझिएको संसद् निजी खेलौना बनेको छ र यसको उमेर आफैं बढाउनसम्म पछि परेको अवस्था छैन । दुवै हातले खान लालायित नेताहरूबाट केही नेपाल ऐन संशोधनसमेत गरेर यो पक्ति तयार गरुन्जेल प्रतिनिधिसभाको आयु लम्ब्याउने विषयमा कुरा भइरहेको र जन असन्तोष तीव्र बढिरहेको अवस्था छ ।

दलहरूको ताण्डव नृत्य छोरी, जुवाइँ, साला, साली, जेठान ओरिएन्टेड राजनीतिको विकल्प सोच्दै धरान, काठमाडौंलगायत विभिन्न क्षेत्रमा नेतृत्व परिवर्तन पनि भएको छ र तिनलाई खुला रूपमा स्वीकार्न दलहरू पछि परेका छन् । काठमाडौंले पाएको अभिभावकत्वलाई धेरैले अपरिपक्वताको पर्याय समेत भने । र त काठमाडौंको फोहोर माथि यिनले सधैंझैं, भनौं मेलम्चीझैं राजनीति गर्न, पछि परेनन्, सकिनसकी बालेन डोजर लिएर टोल टोलै कुदिरहेका छन्, दलहरूको खिचातानीले सहर अस्तव्यस्त मात्रै होइन गाउँ गाउँमा पनि समस्या छ, गाउँ खालि भइसकेको छ, बलिया हातहरू कि त युरोप अमेरिका भासिएका छन्, या त खाडी देश, त्यहाँ पनि दलाल र बिचौलियाले चयनसँग खान दिएका छैनन् । आएको विप्रेषण रकमले यहाँ विकास वा उत्पादनमा लगानी गरिएको छैन, बरु नेताका नाममा उपचार, गाडी खरिद र दर्जनौं सुरक्षा सैन्य दस्ताहरूको खर्च वृद्धि गराइएको छ ।

लोकतन्त्रका नाममा जनतालाई लुटतन्त्र, नेतालाई भने लोभतन्त्र, लाभतन्त्र चलाइएको छ, जनता तीव्र असन्तोषमा छन्, यसै सेरोफेरोमा अर्को चुनाव आउन लागेको छ, तर स्वतन्त्र चुनावी सरकार बन्न सकेको छैन, किन्तु सांसदको लोगो, तलब भत्ता, सुविधासहितै फेरि जनतामा जाने, एक दिन पनि खालि गर्न नहुने सदस्यहरूको पदावधि शपथग्रहणसम्म रहने भन्दै आफैं कानुन बनाउने आफैं लालमोहोर लगाउन समेत तल्लीन बनेका छन् यहाँका दलहरू ।

श्रीलंकाको हविगत बिर्सेका छन् नेताहरूले, आफ्नो दलको कुनै एजेन्डा छैन, अरुसँग टाँसिएका छन्, सिद्धान्तत: पूर्ण विचलित भएको अवस्था छ । न यहाँ बीपीको विचार लागु छ, न पुष्पलालहरूको, अब कंग्रेसको नेतृत्व हँसिया हथौडाले गरे पनि अनौठो मान्नु नपर्ने भएको छ, विदेशीहरूको इशारामा नाचिरहेका छन् दलहरू, एम सी सी का केसमा जनतालाई अबुझ बनाइयो, एस पी पी का विषयमा मौन छन्, जुन आदेशबाट आफू सत्तामा पुगियो उसैलाई भित्तामा पुऱ्याइएको अवस्था छ भने उनैलाई ६ महिनापछि बयान लिन बोलाएर आफूले आफ्नै सबै धोती फुस्केको पत्तो पाएका छैनन् दलहरूले ।

शक्ति सन्तुलनका लागि लोकतन्त्रको पर्याय न्यायपालिकालाई निमित्त वा भनौं कामुबाट सञ्चालन गरेर आफूले जग हँसाएका छन् र श्री ३ को शैलीमा कार्यपालिका, विधायिका र न्यायपालिकाको सबै नेतृत्व आफैंले एकलौटी गरेका छन्, राष्ट्रपतिलाई रबर स्टाम्प बनाई नागरिकता विधेयक जबरजस्ती ठेलेका छन्, विदेशीलाई सिन्दुर र नागरिकतासँगै दिनेगरी विश्वास दिलाएका नेताहरूले हामीले तपाईंहरूका लागि भलो गरेका छौं भन्दै हिँडेका छन् ।

चुनावी एजेन्डामा रहेका मोनोरेल, मेट्रोरेल, घर घरमा ग्याँस पाइपलाइन, शिक्षा, स्वास्थ्यको कुनै ख्याल गरेका छैनन्, हरेक स्थानीय तहमा अस्पताल पनि भने, बाटा घाटाको ठूलै चर्चा गरे, सामान्य पूर्वाधार नभएको बस्तीलाई नगरपालिका भने, कर अधिक सोहोरेर लिए, आफ्नो मान्छेलाई राजनैतिक भर्ती केन्द्र बनाए, इँटा भट्टामा मान्छे जलाएर कैदमा रहेकालाई र अन्य त्यस्तै गर्नेलाई समेत टिकट दिएर चुनावको खिल्ली उडाएका छन्, दिउँसै रात पारेका छन्, सुशासन र पारदर्शिता, जवाफदेहिता, जिम्मेवारीबोध जस्ता अति आवश्यक लोकतन्त्रका गुण, आदर्शहरूलाई तिलाञ्जली दिएर गठबन्धन, हरेक दिन सिट तालमेल र भागबण्डाको रटान रटेका छन्, जनताका जन जीविकाका विषयमा कहीं एक छिन् छलफल भएको सुनिएको छैन, ट्राफिक अस्तव्यस्तता, एक घण्टा पानी पर्दा सडकमा रोपाइँ हुने अवस्था, सरकारी अस्पाल गइसक्नु छैन, निजी अस्पतालहरूको चर्को शुल्क तिर्न सकिने अवस्था छैन, बिमा भनिन्छ, निजी कम्पनी पोस्ने नियत छ, ओम्नी, यति, ललिता निवास, क्यान्टन्मेन्टका कुरा सबै सेलाएर गएका छन्, भ्रष्टाचार गर्दिन भन्छन् नीतिगत भ्रष्टाचारको कुरा महालेखा परीक्षकको प्रतिवेदनले पुष्टि गर्छ, स्थानीय तहहरूको बेरुजुको चाँङ, कर्मचारी पूर्ति हुन नसकेको अवस्था, अनुभवी, सिपयुक्त कर्मचारीको अभाव, दल निकटका कर्मचारीको बाहुल्यता, दिनानुदिन सेवा प्रवाहमा समस्या, सरकारी कार्यालय निजी पसलजस्तो भएको छ भने ३ पल्टसम्म भाउ घटेर आउँदा तेलको भाउ नघटाउने, बढ्ने सुइँको नपाउँदै भाउ बढिसक्ने, यत्रा वर्ष संघीय निजामती सेवा ऐन नआउने, फास्ट ट्र्याकबाट नागरिकता विधेयक, एम सी सी छिर्ने, विदेशीको रजगज, कोठा चोटा, असन्तुलित परराष्ट्र नीतिले देशको अस्मिता धरापमा रहेको, सीमा सुरक्षित हुन नसकेको, कागजी नक्सा तयार भएको, आफ्नो भूमि फिर्ता लिन नसकिएको अवस्था छ ।

आयातीत लोकतन्त्र र गणतन्त्रले बेरोजगारी बढाएको, कृषि भूमिमा रासायनिक मल नपाइएको, सिँचाइ सुविधा नभएको, बीउ बीजन समयमा नपाइएको, किसानले बजार नपाएको, उद्योगधन्दाहरू सबैजसो निलिसकिएको, बाँकी भएका उदोगधन्दाहरूलाई आवश्यक कच्चा पदार्थ दिन नसकिएको, समयमा स्वदेशमै उद्योगलाई विद्युत् आपूर्ति गराउनु भन्दा विदेशमा बेच्न तरखर गरिएको यावत् समस्याहरू छन् देशमा । भरपर्दो जनशक्ति योजनाको अभाव भएको, दक्ष जनशक्ति पनि विदेश पलायन भएको अवस्था छ, रोजगारी केवल राजनैतिक मात्रै भएको र प्रशासन, प्रहरी, सेना, संस्थान सबै किसिमका कर्मचारीहरूलाई दलमा लाग्न प्रेरित गरिएको छ ।

द्वापरयुगको अन्त्यमा श्रीकृष्ण र युधिष्ठिर एकपल्ट घुम्दै देशाटन गर्दै थिए । युधिष्ठिरले अनौठो दृश्य देखे । यामानको एउटा हात्तीको दुईतिर सूँड रहेछ र दुवै सूँडले खानेकुरा खाँदैरहेछ, अचम्म मानी धर्मका प्रतीक युधिष्ठिरले सोधेछन्, 'भगवान यो के अचम्म दुवै सूँडले खाना खाइरहेको' ? श्रीकृष्णले सहजै उत्तर दिएछन्, 'हेर बाबु अब कलि युगको आरम्भ हुन लागेको छ, यो हात्ती नेताको प्रतीक हो, कलिमा नेताहरू दुवै हातले खान्छन्, बेस्सरी डकार्छन्, लाज, घिन, सरम केही हुन्न यिनलाई, हसुर्न पाएपछि पुग्छ, यिनले प्रजातन्त्र र लोकतन्त्रको मुखुण्डो भिरेका हुन्छन्, सुशासनको सुगा रटाइ गर्छन्, जन्मँदा मात्रै होइन यिनले मान्छे मरिसकेपछि पनि तिनका नाममा पैसा उठाउँछन्, आफ्नालाई पोस्छन्, आफैं कानुन बनाउँछन्, घाट जाने बेलासम्म पदमै टिक्न चाहन्छन्, मरेपछि संस्था, प्रतिष्ठान खोलेर जनताको रगत पसिनामा होली खेल्छन्, संस्थाका नाममा पैसा, राज्यको ढुकुटी, बाँचुन्जेल सुख सयल, महँगा कार्पेट, हेलिकप्टर, महँगा शौचालय, आलिशान महल, सुनकै पलङ चाहिन्छ यिनलाई पुस्तौं पुस्तासम्म रजगज गर्न चाहन्छन्, पाप धर्मको ख्यालै हुन्न, विधर्मी हुन्छन्, मठ मन्दिर बनाइ टोपल्यो भने ती केवल मागी खाने भाँडो बन्छन्, यो हात्ती जुन तिमीले देख्यौ, यो कलिको कुरूप नेता र नेतृत्वको प्रतीक हो, आश्चर्य मान्नु हुन्न यसमा' ।

नभन्दै प्रतिनिधिसभाको कार्यकाल आफैं थप्ने, आफैं लम्ब्याउने, त्यसका लागि आजै आँटेर आजै कानुन बनाउन सक्ने यो हैसियत त श्री ३ को राणा शासनमा मात्र सम्भव हुन्छ नि, लोकतन्त्रमा कसरी हुन्छ ? कानुन बनाएर लुट्न सक्ने, पदमै रहेर निर्वाचनमा जानु पर्ने, बुद्धिमा बिर्को लागेको नभने के भन्ने यिनलाई ।

बालेन, हर्क, हमालहरू आउलान् भन्ने यिनको सोच थिएन, आए, त्यसै गरी नयाँ पुस्ताले नेतृत्व लिएर आउने चुनावमा यिनका बाकस खालि गर्न सके नेपाली जनताको विजय मान्न सकिन्छ, यिनहरूले धेरै झुक्याए, सत्ता टिकावका लागि हदैसम्मको नैतिकता बेचे, छल, कपट गरे, सबै संयन्त्रहरू कमजोर बनाए, सबैतिर आफ्ना मान्छे मात्रै लगे, पैसा र पद, शक्तिको दुरूपयोग गरे, गरिब जनताको सातो लिए, न तिनले उपचार पाए, न तिनले शिक्षा पाए, पछिल्लो एसईईको परिणाम, कक्षा १२ को परीक्षा परिणामले पनि सो को पुष्टि गरेको छ ।

नैतिक र इमान्दार समाज सेवा गर्न सक्ने, राष्ट्र बोक्न सक्ने जनशक्ति तयार गर्नुको सट्टा ढुँगा हान्न सिकाइयो, सरस्वतीको मन्दिर भनिने सरकारी शैक्षिक उच्च संस्थामा सधैं तालाबन्दी छ, दल निकट भ्रातृ संस्थाहरूले कब्जामा लिएका छन्, तमाम संस्थाहरूमा दल निकटका मान्छे मात्रै नियुक्ति गरिएकाले यस्तो भएको हो ।

योग्यता, विज्ञता, क्षमताको कुनै गुन्जायस भएन, अब पनि चुनावबाट यिनैलाई सत्ताको ढुकुटी बुझाउनु भनेको भोटरको पनि दोष देखिन्छ, अब सबै मतदाताले बुझिसकेका छन्, विदेशमा बस्ने नेपालीलाई भोटिङ राइट छैन, यहीं पनि इच्छा नहुनेलाई नो भोटको व्यवस्था गर कानुन बनाऊ भनेको धेरै समय भयो अदालतले, त्यस विषयमा चासो छैन ।

राइट टु रिजेक्टको प्रणाली भए जनमतको अवस्था अबगत हुन्छ, अहिले पनि हजारौं भोट बदर भएको अवस्थाले आम जनताले राजनीतिप्रति देखाएको नैराश्यता नै हो । रत्नाकर व्याधा थिए, संगतिले बाल्मीकि भए, त्यो अवस्था आउला भन्ने समय पनि अब घर्किसकेको छ, पिण्ड खानेबेला हुँदा पनि नेताहरूले पद छोडेनन्, नयाँ पुस्तालाई आउनै दिएनन्, जसोतसो आएकाहरूलाई अनेकौं व्यवधान खडा गरिँदैछ ।

राजनीतिमा आउन इच्छुकहरू अहिले धेरै देखिएका छन्, निडर रूपमा तिनीहरूलाई मत दिएर शक्तिमा लग्नु पर्ने आजको आवश्यकता हो । देशका लागि अहोरात्र खट्न सक्ने युवा पुस्तामा अबको नेतृत्व जानुपर्छ, सधैं एउटै वा केही दल, व्यक्ति विशेषको पेवा होइन देश, हरेक परीक्षाबाट यी असफल भइसकेका छन् ।

# राजनीतिमा नअटाएको तेस्रो पुस्ता



कुमार दाहाल

साहित्यमा उत्तरआधुनिकता तथा राजनीतिमा समाजवाद र व्यक्तिगत स्वतन्त्रता असीमित विचार हुन् । यी विचारले सधैं नयाँपन जन्माउँछ र यथास्थितिको विरोध गर्छ । समाजवादको प्रगतिशीलता र पुँजीवादको वैयक्तिक स्वतन्त्रताको कुनै राजनीतिक बन्देज छैन ।

प्लेटोको आदर्श राजनीति, हेगेलको राजनीति भित्रको विश्व व्यापकता, रुसोको राजनीति स्वतन्त्रताको लागि स्टेटमेनसिप राजनीतिका असीमित आदर्श हुन् । जसलाई साहित्यको उत्तर आधुनिकता र राजनीतिको स्वतन्त्रताले सधैंभरि पछ्याइरहन्छ तर अनुमान गर्न सक्दैन ।

सन् १२१५ को म्याग्नाकार्टा तेस्रो पुस्ताको माग थियो । जसले सारा युरोपमा निरंकुश राजनीतिको अन्त्य गऱ्यो । लुई सोह्रौंको अन्त्य निरंकुशताको मात्र अन्त्य थिएन, बेलायती प्रजातन्त्रको माग थियो जसलाई फ्रान्सका जनता राजनीतिक सपना ठान्थे । त्यसपछि राजनीतिभित्र पुँजीवाद रु समाजवादका थुप्रै अभ्यास भइसकेक छन् ।

सन् १९३० भन्दा अगाडिको पुँजीवाद र त्यसपछि मार्क्सको समाजवादले राजनीति र अर्थनीतिका सबै विषयहरुलाई छोइसकेको छ । तर आर्थिक पुँजीवाद र समाजवादीय अर्थशास्त्र राजनीति घेरामा मात्र समेटिएको छैन । जसले गर्दा अमेरिकाको पुँजीवादी अर्थतन्त्र, भारतको प्रजातान्त्रिक अर्थशास्त्र, चीनको समाजवाद, उत्तर कोरियाको साम्यवाद अझै प्रयोगको अवस्थामा छन् । यी नीतिले राजनीतिक सन्तुष्टि दिन सकेका छैनन् । त्यसैले ताइवान, युक्रेनलाई केन्द्रविन्दु बनाएर विश्व राजनीति आफ्नो अर्थनीतिलाई स्थापित गर्न कम्मर कसेर लागेको छ । यसको चिन्ता विश्वका तेस्रो मुलुक र तेस्रो पुस्तालाई छ । जो राजनीतिक परिवर्तनको सिद्धान्तलाई कसरी आत्मसात गर्ने भन्ने चुनौतीको सामना गरिरहेका छन् ।

नेपालमा २००७ सालमा प्रजातन्त्र आउनुअघि नै विश्व राजनीतिभित्र अर्थशास्त्र र राज्य सञ्चालनका नीति जन्मिसकेका थिए । ००७ सालभन्दा अगाडि मार्क्सको समाजवाद, एडम स्मिथको पुँजीवाद र व्यापारका लागि उपनिवेशले नेपाललाई छोएन । विश्व साम्राज्यका शासकहरुलाई चाकरी गरी आफ्नो अस्तित्व जोगाउनमा शासकहरु लागे ।

००७ सालपछि महेन्द्रकालीन राष्ट्रवादले समाजवादी अर्थनीतिलाई त पछ्यायो तर यसको प्रतिफल सीमान्त वर्गसम्म पुग्न सकेन । बीपी कोइराला र राजा महेन्द्रको विचारको बेमेल यसैमा थियो । राजा महेन्द्रको समाजवादलाई बीपीले स्वीकार नगर्नु, बीपीको समाजवादी अर्थशास्त्रलाई महेन्द्रले राजनीतिक हस्तक्षेप मान्नु तत्कालीन राजनीतिक परिवर्तनको लागि अभिसाप प्रमाणित भयो । जसलाई आजसम्म हामीले खेप्नुपरेको छ ।

२०४७ को परिवर्तनपछि नेपाल पूर्ण रुपमा पुँजीवादी अर्थतन्त्रको हिमायती त बन्यो । तर यो अर्थनीतिले विकास र परिवर्तनलाई आत्मसात गर्न सकेन । माओवादी द्वन्द्वले समाजशास्त्रीय विभेद र सांस्कृतिक परिवर्तन त ल्यायो तर दह्रो अर्थनीतिलाई टेक्न सकेन । कहिले पुँजीवादी अर्थतन्त्रलाई स्वीकार गर्ने कहिले समाजवादी चिन्तन राख्ने दोहोरो चरित्रले पार्टीहरु स्पष्ट भएनन् । किनकी, चीन र भारतको दुवै अर्थनीतिलाई स्वीकार गर्नुपर्ने बाध्यता शासन र सत्ता दुवैमा थियो । अद्यापि छँदैछ ।

विश्वव्यापीकरण, उदारीकरण, निजीकरणले नेपालको अर्थनीतिलाई परिवर्तन गर्छ भन्ने ठूलो आशा थियो । तर यसैभित्र नेपाली राजनीति अल्मलियो । भाइवाद, परिवारवाद, भ्रष्टाचार, राजनीतिक प्रभुत्वमा शासकहरु चुर्लुम्म डुबे । २०४७सालपछि युवाहरूको हातमा राजनीतिक नेतृत्व आउने आशा थियो तर आएन । त्यही पुरानै नेतृत्वले राजनीति बर्चस्व कायमै राख्यो । परिवर्तित नेतृत्वले युवाहरूको चाहना समेट्न सकेनन् । प्रत्यक्ष रुपमा राजनीतिभित्र ठूलाठूला भ्रष्टाचार देखिए । यसैको ढाकछोप गर्न शासकहरु लागिराखे । दलालीतन्त्रले उच्च सत्ता र शासक सबैतिर टपक्कै ढाक्यो । ढाकिरहेको छ । सुधार गर्ने बलियो नेतृत्व देखिएन । जति आए तिनीहरुलाई पनि कि त राजनीतिले कि त पद-प्रतिष्ठा र दबाबले किच्यो । राजनीतिक स्वार्थ र सोचभन्दा नेतृत्व माथि आउन नसक्नाले ३० वर्षमा ठूलो आलोचना खेप्नुपऱ्यो ।

आजको पुस्ता राजनीतिप्रति उदासीन देखिँदैछ । व्यक्तिगत स्वतन्त्रताको वकालत गर्ने यो पुस्ता अन्याय सहन सक्दैन । देखेको कुरा प्रष्ट भन्छ । राजनीतिक दाउपेच मन पराउँदैन ।

> तेस्रो पुस्ताको कम उपस्थिति, सुधार विनाको नेतृत्वलाई स्वीकार गर्नुपर्ने बाध्यताले राजनीतिप्रति वितृष्णा पैदा भएको हो । यो पुस्ता विश्वको परिवर्तनप्रति सचेत छ । प्रविधिमा पोख्त छ । तर राजनीतिक दल र पार्टीहरु अझै पनि राजनीतिक आदर्शको असीमित चिन्तनमा तल्लीन छन् ।

जान्दैन । यो पुस्ता नतिजामा विश्वास गर्छ । धर्म र संस्कृतिप्रति उदार छ । राजनीति र प्रशासन भित्रको भ्रष्टाचारको खुलेर विरोध गर्छ । त्यसैले यो पुस्ता र पुरानो पुस्ताको बीचमा खाडल पैदा भएको छ ।

तेस्रो पुस्ताको कम उपस्थिति, सुधार विनाको नेतृत्वलाई स्वीकार गर्नुपर्ने बाध्यताले राजनीतिप्रति वितृष्णा पैदा भएको हो । यो पुस्ता विश्वको परिवर्तनप्रति सचेत छ । प्रविधिमा पोख्त छ । तर राजनीतिक दल र पार्टीहरु अझै पनि राजनीतिक आदर्शको असीमित चिन्तनमा तल्लीन छन् । युवा पुस्ता नेतृत्व लिन तयार छ भन्ने कुरा नेताहरुले नबुझेका होलान् र ? तर नेताहरू यो विषय स्वीकार गर्न तयार छैनन् । स्थानीय चुनावमा बालेन शाह र हर्क साम्पाङको जितले नेपालका स्थापित राजनीतिक दलमा भूकम्प ल्याएको छ । दलका नेताहरु भित्रभित्रै तर्सिएका छन् । यसको अर्थ युवा पुस्ताको विद्रोह होइन । परिवर्तनको बाहक युवा पुस्ताको धर्म-कर्म र मर्मलाई राजनीतिक दलले नचिन्नु नै हो । नेपालका धैर्यशील जनता र धानिएको अर्थतन्त्रलाई नेताले आजसम्म भजाएर खाए । बल्ल यो जनतालाई थाहा हुँदैछ । यसका लागि राजनीतिक संस्कार नै परिवर्तन गर्नुपर्ने बाध्यता दलहरुमा देखिँदैछ । यससँगै कर्मचारीतन्त्रले पनि आफ्नो कार्यशैली परिवर्तन गर्नैपर्छ । यसलाई नजरअन्दाज गरेमा भोलि नेपाली राजनीति अन्योलमा नपर्ला भन्न सकिँदैन । स्वतन्त्र उम्मेदवारप्रतिको आकर्षण राजनीतिक प्रणालीको आक्रोश हो । किनकी, विगत वर्षमा शासन गरेका अनुभवहरु उनीहरूसँग जस्ताको तस्तै छन् । जसको नतिजा अर्थ राजनीतिले भोग्नुपरेकै छ । यसैको विरोध अहिले नयाँ पुस्ताले गरेको छ । यही नयाँ पुस्ता हो जसले नेपालमा ठूला परिवर्तन गऱ्यो । तर स्थापित राजनीतिलाई बढी विश्वास गर्दा यो पुस्ताले सधैंभरि धोका पायो । अब राजनीतिक प्रवृत्ति र सोचाइ परिवर्तन हुने हो या नयाँ राजनीतिक पद्धति स्थापना हुने हो, राजनीति दलकै हातमा छ । विश्व मञ्चमा नेपाली अर्थतन्त्र कमजोर नै होला । तर दक्षिण एसियामा नेपालको पर्यटन, विद्युत र अन्य क्षेत्रहरु बलिया छन् । यद्यपि, बेरोजगारी उच्च छ । युवा पुस्ता विदेश जान बाध्य छ । नेपालमा आय आर्जनका सम्भावना भइकन पनि खेर गएका छन् ।

पुरानो नेतृत्वले नतिजामुखी काम देला भन्ने आशा युवा पुस्तालाई किन भएन ? यो पुस्ता अब नेतृत्व परिवर्तन चाहन्छ । युवाहरूको चाहनालाई सम्बोधन गर्ने दल वा नेता अब नेतृत्वमा आउँछन् भन्ने विश्वास गरौं । राजनीतिमा परिवर्तन विस्तारै हुने विषय हो । तर नेपालमा यो द्रुत गतिमा लम्किँदै छ । हामी सबै युगसापेक्ष परिवर्तनको प्रतीक्षामा छौं ।

*-साभार: नेपाललाइभ*

# रणवीरको 'ब्रम्हास्त्र'को बम्पर ओपनिङ



अयान मुखर्जी निर्देशित फिल्म 'ब्रम्हास्त्र'ले बक्सअफिसमा गजब सुरुवात गरेको छ । प्रदर्शनको पहिलो दिन ३६ करोड कमाउँदै यस वर्षकै सबैभन्दा ठूलो ओपनिङ गर्ने बलिउड फिल्म बनेको छ ।

पहिलो दिन फिल्मले ३२ करोडसम्म कमाउने अनुमान ट्रेड एनालिस्टहरुको थियो । समीक्षकबाट मिश्रित प्रतिक्रिया पाएको यो फिल्मले एड्भान्स बुकिङबाटै १९ करोड बढी कमाएको थियो ।

वर्ल्डवाइड कलेक्सनमा पनि 'ब्रम्हास्त्र'ले बाजी मारेको छ । फिल्मले विश्वभरबाट ६० करोडमाथि कमाई गरेको भारतीय मिडियाले उल्लेख गरेका छन् । भारतमा शनिवार र आइतवार विदा भएकाले विकेन्डमा फिल्मको कमाई सय करोड नाघ्ने अनुमान गरिएको छ । एकपछि अर्को आशातित फिल्म असफल हुँदा संकट छाएको बलिउडमा 'ब्रम्हास्त्र'को सानदार ओपनिङले खुसी छरेको छ ।

यो फिल्मभन्दा अगाडि अक्षय कुमारको 'सूर्यवंशी', आलिया भट्टको 'गंगूबाई काठियावाडी' र कार्तिक आर्यनको 'भूल भुलैया २'ले पनि भारतीय बक्सअफिसमा सुखद् कमाई गरेका थिए । तर, 'जुग जियो', 'सम्सेरा', 'पृथ्वीराज', 'भिलेन रिर्टन्स' जस्ता बलिउड फिल्महरु नराम्रोसँग पछारिए । बलियो स्टार कास्ट, लोकप्रिय गीत-संगीतका कारण 'ब्रम्हास्त्र'लाई सानदार ओपनिङ मिलेको हो ।

रणबीर कपूर, आलिया भट्टको मुख्य भूमिका रहेको 'ब्रम्हास्त्र'मा अमिताभ बच्चन, नागार्जुन, मौनी रोयको पनि महत्त्वपूर्ण भूमिका छ । फिल्ममा शाहरुख खान केमियो भूमिकामा छन् । फिल्मको मेकिङ र भिएफएक्सलाई सर्वाधिक रुचाइएको छ । तर, कमजोर पटकथाका कारण फिल्म बलियो बन्न सकेको छैन । रणबीर कपूर, अयान मुखर्जी, करण जोहरले फिल्मको निर्माण गरेका हुन् । *-साभार: फिल्मीखबर*

# आइफोन १४ मा नेटवर्क नभएको स्थानमा स्याटेलाइटबाट सञ्चार सुविधा




काठमाडौं/ बुधबार बेलुका सार्वजनिक भएको नयाँ आइफोन १४ मा फोनको नेटवर्क नभएको स्थानमा स्याटेलाइटबाट सञ्चार सुविधा उपलब्ध गराउने विशेष सुविधा दिएको छ । एप्पलले मोबाइल फोनको टावर नटिप्ने स्थानमा रहँदा कुनै समस्या परेमा स्याटेलाइट मार्फत आपतकालीन एसओएस सन्देश पठाउन सक्ने सुविधा दिएको हो ।

लामो समयदेखि चर्चामा आइरहेको स्याटेलाइट कनेक्टिभिटी सुविधाका लागि आइफोन १४ मा स्थलीय टावरको नजिक नहुँदा स्याटेलाइटसँग सम्पर्क हुनेगरी विशिष्ट प्रविधि डिजाइन र निर्माण गरिएको छ । आकाश सफा भएको अवस्थामा १५ सेकेन्ड भित्र सन्देश पठाउन सकिनेछ ।

मोबाइलको नेटवर्क नभएको र आपतकालिन अवस्थामा रहेको बेला उद्दार तथा सन्देश पठाउनको लागि आइफोन १४ लाई आकाशमा रहेको स्याटेलाइट देखाउनु पर्ने एप्पलले जनाएको छ । स्याटेलाइटसँगको सम्पर्कमा आएपछि प्रयोगकर्ताहरूले फोनको नेटवर्कले काम नगरेको अवस्थामा समेत आपतकालीन मद्दत प्राप्त गर्नका लागि जानकारी पठाउन र प्राप्त गर्न सक्नेछन् ।

सन्देशहरूलाई कन्डेन्स गर्न छोटो टेक्स्ट कम्प्रेसन मेकानिजम बनाइएको छ । आकाश सफा छैन र केही अवरोधहरू भएको खण्डमा सन्देश पठाउन केही मिनेट लाग्न सक्नेछ । यो सुविधा अन्तरगत स्थानीय सेवा प्रदायकहरुलाई मद्दतको लागि फोन गर्नका लागि समेत सतर्क गराइनेछ ।

***कस्तो छ आइफोन १४***

एप्पलले सार्वजनिक गरेको नयाँ आइफोन १४ मा ६ दशमलव १ इन्चको स्क्रिन रहेको छ ठूलो ६ दशमलव ७ इन्चको स्क्रिन सहितको आइफोन १४ प्लस र आइफोन १४ प्रो सार्वजनिक गरेको छ । नयाँ आइफोनहरूमा लामो समय ब्याट्री टिक्नेछ भने सिरेमिक शिल्ड स्मार्टफोन ग्लास समावेश छ ।

आइफोन १४ र १४ प्लस पाँच रंगहरूमा आउनेछ । आइफोन १४ प्रो चार रंगहरूमा उपलब्ध हुनेछ । यसमा अगाडि एउटा ट्रु डेप्थ क्यामेरा छ भने एप्पलले डाइनामिक आइल्याण्ड भनिरहेको नयाँ सुविधा समावेश गरेको छ । यो सुविधा आइफोनको अगाडिको स्क्रिनको शीर्षमा एउटा विजेट जस्तै हुनेछ, जहाँ फोनमा अरु नै काम गरिरहेको बेलामा पनि वाधा अवरोध विना संक्षिप्त अलर्टहरू हेर्न सकिनेछ ।

***आइफोनका नयाँ भर्सनहरू सार्वजनिक, यस्ता छन् विशेषता***

आइफोन १४ को मूल्य ७९९ डलरबाट सुरु हुनेछ । यो आइफोन १३ कै गतवर्षको मूल्य बराबर हो । ठूलो आइफोन १४ प्लस मोडेलको मूल्य ८९९ डलरबाट सुरु हुनेछ । नयाँ आइफोन १४ मा गत वर्षको आइफोन १३ प्रो मोडेलमा जस्तै ए १५ चिप प्रयोग गरिएको छ । नयाँ मोडलमा उस्तै चिप दोहोराइएको यो पहिलो पटक हो । यो ठूलो पिक्सेल, छिटो एपर्चर र सुधारिएको सेन्सरको साथ १२ एमपी मुख्य क्यामेराको साथ आउनेछ । पहिलो पटक नयाँ फ्रन्ट क्यामेरामा स्वत फोकस छ । यसले व्यक्तिगत र सामूहिक सेल्फीहरूको लागि कम प्रकाशमा धेरै दूरीहरूमा फोकस गर्नसक्छ । यसमा रहेको नयाँ मोडले प्रयोगकर्ताहरूले चलिरहेको बेला पनि भिडियोहरू स्थिर राख्न सक्नेछन् । त्यस्तै आइफोन १४ मा भौतिक सिम कार्ड हटाएर त्यसको सट्टा डिजिटल ई सिम कार्ड प्रयोग गर्नसकिने व्यवस्था गरेको छ । एउटै फोनमा धेरै इ-सिमहरू भण्डारण गर्न सकिनेछ । साथै एउटै फोनमा धेरै सेलुलर योजनाहरू र फोन नम्बरहरू राख्न सकिनेछ ।

आइफोन हराएको वा चोरी अवस्थामा भेटाउने वा चोरी गर्ने व्यक्तिले भौतिक सिमकार्ड हटाउनसक्ने भएतापनि डिजिटल इ सिम कार्ड भने हटाउन सक्नेछैनन् । आइफोनका सबै अमेरिकी मोडलमा अब सिमकार्ड राख्ने ट्रे रहनेछैनन् । -साभार: इकागज

# बङ्गलादेशमा यही वर्ष विद्युत् निर्यात गर्छौं: ऊर्जामन्त्री भुसाल

चितवन, २५ भदौ (रासस)/ ऊर्जामन्त्री पम्फा भुसालले नेपाल सरकारले बङ्गलादेशलाई विद्युत् निर्यातका लागि तयारी गरिरहेको बताएको छ ।

शनिबार पत्रकारसँग कुरा गर्दै उनले यसै वर्ष बङ्गलादेशलाई विद्युत् निर्यात गरिने बताएको हो । हाल नेपालले भारतमा बिजुली बिक्री गर्दै आएको छ ।

"हामीले अहिलेसम्म भारतमा मात्रै विद्युत् निर्यात गरेका छौं । अब बङ्गलादेश पनि निर्यात हुँदैछ," मन्त्री भुसालले भने, "जलविद्युत् उत्पादनमा साझेदारी गर्न सहमति भएको र यसै वर्षदेखि ५० मेगावाट विद्युत् बङ्गलादेश जान्छ ।"

ऊर्जालाई उत्पादनको माध्यम बनाउन लागिएको र गरिबीको रेखामुनि रहेका जनतालाई निःशुल्कजस्तै रहेको जानकारी दिँदै उनले घरायासी प्रयोजनका लागि मूल्य घटाइएको छ भने कृषि र सिँचाईमा ७५ प्रतिशत महसुल घटाइएको जानकारी दिए ।

फरक प्रसङ्गमा उनले गठबन्धनको सिटको विषय शनिबार बेलुकासम्म टुङ्ग्याइने बताए । शुक्रबार टुङ्गिने भनिएको गठबन्धनको सिट बाँडफाँट प्राविधिक हिसाबले समस्या भएको उल्लेख उनले भने, "गठबन्धनका नेताहरू बाहिर भएका कारण शुक्रबार हुन सकेन शनिबार टुङ्गिन्छ ।"

# सिन्धुलीको कुप्रीडाँडामा बिजुली बल्यो

सिन्धुली, २५ भदौ (रासस)/ सिन्धुलीको दुधौली नगर पालिका-१३ कुप्रीडाँडामा बिजुली बत्ती बालिएको छ ।

बिजुली पुगेपछि स्थानीय हर्षित भएका छन् । वर्षौंदेखिको टुकी बालेर बस्नुपर्ने उनीहरूको बाध्यता हटेको छ ।

कुप्रीडाँडामा नयाँ ट्रान्सफर्मर जडान गरिएपछि घर-घरमा बिजुली बत्ती बलेको हो । दुधौली नगरपालिका-१३ का वडाध्यक्ष दीपक खड्काले विद्युत् विस्तारपछि स्थानीयको दैनिकीमा सहजता आएको बताए । विद्युत् विस्तारपछि सो वडाका झण्डै दुई सय परिवार लाभान्वित भएका छन् ।

चालु आर्थिक वर्षको प्रारम्भदेखि वडा नं १३ को विद्युत् विस्तार थालिएको हो । भौगोलिक विकटताका कारण एकैपटक वडाभरि विद्युत् विस्तार गर्न नसकिएको खड्काले बताए ।

नेपाल विद्युत् प्राधिकरण र स्थानीय सरकारले दुधौलीमा पछिल्लो विद्युत् विस्तार थालेको छ । बाँकी रहेका अरूणडाँडा, पोखरी, च्यामालगायत क्षेत्रमा पनि विद्युत् विस्तारको पहल भइरहेको उनले बताए ।

# लुम्बिनी प्रादेशिक अस्पताल नेपालमै पहिलो




रुपन्देही, २५ भदौ (रासस)/ बुटवलस्थित लुम्बिनी प्रादेशिक अस्पताल न्यूनतम सेवा मापदण्ड मूल्याङ्कनमा नेपालमै पहिलो भएको छ । सो अस्पताल सेकेण्डरी बी लेभल अस्पतालको न्यूनतम सेवा मापदण्ड मूल्याङ्कनमा दोस्रोपटक पहिलो प्रथम हुन सफल भएको हो ।

स्वास्थ्य निर्देशनालयका न्यूनतम सेवा मापदण्ड मूल्याङ्कन कार्यक्रमका फोकल पर्सन कौशल भण्डारीका अनुसार न्यूनतम मापदण्ड मूल्याङ्कनमा अस्पतालले ८० प्रतिशत अंक प्राप्त गरेको छ । अघिल्लो वर्ष ७४ प्रतिशत अंक प्राप्त गरी पहिलो बनेको अस्पतालले यस वर्ष थप अंक प्राप्त गरेको छ ।

वर्षमा दुईपटक अनुगमन मूल्याङ्कन हुने गरेकामा यसअघि भने कर्णालीको सुर्खेत अस्पताल पहिलो भएको थियो । अनुगमन टोलीमा कर्णाली प्रदेश निर्देशनालयका फोकल पर्सन, डोटी अस्पताल, काठमाडौं र लुम्बिनी प्रदेश स्वास्थ्य निर्देशनालयको टोली सहभागी थियो ।

लुम्बिनी प्रदेशका पाल्पा, गुल्मी, अर्घाखाँची, कपिलवस्तु, नवलपरासीसहित प्यूठान, स्याङ्जा, रुकुम, रोल्पालगायत जिल्लाबाट उपचारका लागि बिरामी लुम्बिनी प्रादेशिक अस्पतालमा आउने गर्दछन् । अस्पतालको तथ्याङ्कानुसार पछिल्लो एक वर्षको अवधिमा तीन लाख चार हजार सात २५ जनाले उपचार गराएका छन् । आर्थिक वर्ष २०७८/७९ मा अस्पतालको बहिरङ्ग रोग विभाग र आकस्मिकबाट सेवाग्राहीले सेवा लिएका हुन् ।

# बाढीले एकको मृत्यु

दार्चुला, २५ भदौ (रासस)/ शुक्रबार रातिदेखि परेको अविरल वर्षाले जिल्लाको सदरमुकामस्थित खलङ्गाको बंगाबगड क्षेत्रमा धनजनको क्षति पुऱ्याएको छ ।

जिल्ला प्रहरी कार्यालय दार्चुलाका सूचना अधिकारी प्रहरी सहायक निरीक्षक लोकेन्द्रबहादुर चन्दका अनुसार करिब डेढ दर्जन घर बग्नुका साथै छ जना बेपत्ता भएका छन् । एकको शव फेला परेको छ ।

जिल्लाको महाकाली नगरपालिका-३ डुङ्गरी क्षेत्रमा एकै घरका चार जना धनसिंह, मानमती, दीपक, दिनेश कार्की बेपत्ता भएका छन् । जिल्लाको नौगाड गाउँपालिकामा ३५ वर्षीय चिमणे ठगुन्नाको मृत्यु भएको र एक जना बेपत्ता हुनुका साथै दुई जना गम्भीर घाइते भएका छन् ।

# आत्महत्या रोकथाम दिवसः प्रभावितले दिएका पूर्व-संकेतको ख्याल नगरे क्षति



काठमाडौं २५ भदौ (रासस)/ मानसिक समस्या एक प्रकारको गम्भीर प्रकृतिको सामाजिक समस्या हो भनेर स्वीकार नगरिँदा त्यसले आत्महत्यासम्मको जोखिम बढाइरहेको छ । विज्ञका अनुसार मानिसक समस्या बढ्नुमा प्रथमतः घर, परिवार तथा समाज नै कारक बनेको हुन्छ । तर यसबारे धेरैले बुझेका हुँदैनन् ।

मनोविद्हरू त्यही मनोसामाजिक समस्या बढ्दै गएर मानिस पछि आत्महत्यासम्म पुग्ने बताउँछन् । प्रभावित व्यक्तिले दिने गरेका संकेतलाई उनका परिवार, समाज तथा साथीभाइले बेलैमा ध्यान दिनसके धेरै घटना रोक्न सकिने उनीहरूको भनाइ छ । आत्महत्या रोकथामका सन्दर्भमा गरेको अध्ययनले त्यस्ता व्यक्तिले कोही न कोहीलाई संकेत छाडेको हुन्छ । त्यसतर्फ ध्यान पुग्यो भने रोक्न सकिन्छ । तर हाम्रो समाजमा उसले त्यसै भनेको होला, जिस्क्याएको होला भनेर उसका कुरामा ख्याल नगर्ने अवस्था कायमै छ ।

"मानसिक समस्या भएका मान्छेले कोही न कोहीलाई पूर्वसंकेत दिएको हुन्छ, तर त्यसरी समस्यामा परेका मान्छेको भनाइलाई ख्याल गरिँदैन, अनि गम्भीर दुर्घटना हुनपुग्छ, त्यसतर्फ चेतना जगाउनु जरुरी छ", मनोविमर्शकर्ता सोनु शर्मा भन्छन् ।

विश्वमा झैं नेपालमा पनि बर्सेनि आत्महत्याका घटना बढ्दै गएका छन् । आत्महत्या रोकथामका लागि विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)सँगको सहकार्यमा हरेक वर्ष सेप्टेम्बर १० का दिन विश्व आत्महत्या रोकथाम दिवस मनाइने गरिएको छ । सन् २००३ देखि यो दिवस मनाउन थालिएको हो ।

दिवसका सन्दर्भमा 'द स्कुल अफ साइकोलोजी नेपाल'का अध्यक्ष तथा मनोविद् डा. नरेन्द्रसिंह ठगुन्ना मानसिक समस्यामा परेका व्यक्तिको विषयमा गम्भीरता देखाउन जरुरी छ भन्छन् । उनी पछिल्लो समयमा आत्महत्या रोकथाममा बहस सुरु हुनुलाई सकारात्मकरूपमा लिइन्छ । "विगतमा यसबारे चर्चा नै हुँदैनथ्यो, जति चर्चा बढी हुन्छ, विषय उठ्दै जान्छ र रोकथाममा सहयोग पुग्छ, अहिले त्यस्तै बहसको शृङ्खला बढेको छ, आशा गरौं आगामी दिनमा आत्महत्याका घटना न्यूनीकरण हुँदै जानेछन्", डा ठगुन्नाले भने ।

कानुनमा समेत केही सुधार गर्न जरुरी रहेको उनको भनाइ छ । नेपालको कानुनमा मानसिक समस्या भएकालाई कुनै पनि सरकारी पदमा योग्य नहुने भनेर उल्लेख छ । मानसिक समस्या भएका व्यक्ति परीक्षामा सहभागी हुनै नसक्ने तथ्य हुँदाहुँदै त्यो कुरा कानुनमा लेख्न आवश्यक नरहेको उनको तर्क छ ।

"त्यसरी कानुनमा नै उल्लेख गर्दा मानसिक रोग गम्भीर अपराध पो रहेछ भन्ने मानिसमा भ्रम सिर्जना हुनसक्ने र पछि त्यही कुराले आत्महत्या दुरुत्साहन गर्नसक्ने हुन्छ", उनले भने । उनले यसको रोकथामको महत्वपूर्ण माध्यम (थ्रिसी) कनेक्ट, कम्युनिकेशन र केयर नै हो भने । भक्तपुर बहुमुखी क्याम्पसका उपप्राध्यापक तुलसीराम घेमोसुले आफैंले थाहा पाएका केही घटनाबारे सुनाए । उनका अनुसार बुवाआमा गुमाएका एक व्यक्ति दाजुभाउजुसँग बस्ने गरेका थिए । झण्डै ३०-४० वर्षका उनको बिहे भएको थिएन । विस्तारै डिप्रेसनमा गए । बिहे नभएकै कारण उनले गम्भीर निर्णय गर्न पुगे ।

चिकित्सा शिक्षा (एमबिबीएस) गर्न नसक्दा, विवाह गरेका केटाकेटीको आर्थिक अवस्था नमिल्दा पनि घटना घटेको सुनाउँदै उनले एकपटक असफल हुँदैमा केही हुन्न विकल्प धेरै छन् भनेर सम्झाउन सक्ने परिवार र समाजको खाँचो रहेको औंल्याए । हरेक व्यक्तिले आ-आफ्नो तहबाट आत्महत्या रोकथाममा भूमिका खेल्नसके पनि न्यूनीकरणमा सहयोग पुग्ने उनी बताउछन् ।

मनोविमर्शकर्ताको प्रशिक्षण लिएकी जानकी गिरी प्रेममा धोका खाएर वा गरिबीमात्रै आत्महत्याको कारण नभएको बताउछन् । स्टाफ नर्स गङ्गा केसी पूर्वजानकारी पाउँदापाउँदै पनि परिवारको उदासिनताले घटना घट्ने गरेको बताउछन् ।

उनले भने, "त्यो मान्छेले संकेत दिएको हुन्छ, तर उक्त सूचनाको ख्याल नगरिँदै आत्महत्याका घटना घटिरहेका हुन्छन् ।"

विश्वमा वार्षिक सात लाख बढीले आत्महत्या गर्ने गरेको तथ्याङ्क छ । मृत्यु भएकामध्ये ५० वर्षभन्दा मुनिका मानिस ५८ प्रतिशत छन् ।

गृह मन्त्रालयको तथ्याङ्कानुसार आर्थिक वर्ष २०७८/७९ मा छ हजार सात सय ९२ जनाले आत्महत्या गरेका छन् । आव २०७७/७८ मा सात हजार एक सय ४२ जनाले आत्महत्या गरेको तथ्याङ्क छ ।

विसं २०७२ देखि क्रमशः झण्डै पाँच सयको हाराहारीमा बढिरहेको आत्महत्याको तथ्याङ्क ७०७८ मा आइपुग्दा केही कम देखिएको छ । कोभिड-१९ महामारीलगायतका कारणले उक्त वर्ष सो संख्या घटेको हुनसक्ने अनुमान गरिएको छ ।

# चामल धानमा लगाएको करले नेपाली उद्योग मारमा

वीरगञ्ज, २५ भदौ (रासस)/ भारत सरकारले धान र चामलको निर्यातमा २० प्रतिशत भन्सार शुल्क लगाएकोमा बारा र पर्सा औद्योगिक करिडोरका चामल तथा धानसम्बन्धी कारोबार गर्ने व्यवसायीले त्यसको प्रत्यक्ष मार नेपाली बजारमा पर्ने बताएका छन् ।

वीरगञ्ज उद्योग वाणिज्य संघले शुक्रबार पत्रकार सम्मेलनको आयोजना गर्दै भारतले हाल जारी गरेको पत्रअनुसार शून्य भन्सार दरको चामल र धान निर्यातमा २० प्रतिशत भन्सार दर कायम गरेको कारण उद्योग, उपभोक्ता र राष्ट्रको अर्थतन्त्रमा असर पर्ने बताएका हुन् ।

नेपाल चामल, तेल, दाल उद्योग संघका केन्द्रीय अध्यक्ष एवं वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्षसमेत रहेका डा. सुबोध गुप्ताले भारतले पछिल्लो समय लिइरहेको निर्णय नेपालका उद्योग व्यवसाय, उपभोक्ता र नेपाली बजारका लागि न्यायोचित नभएको बताए ।

अर्का चामल उद्योगी सुरेश रुगङ्टाले चामल र धानमा लगाइएको भन्सार शुल्कले उद्योगीभन्दा प्रत्यक्षरुपमा उपभोक्ता बढी मारमा पर्न सक्ने बताए । अध्यक्ष गुप्ताले चामल मिल बन्द हुने अवस्थामा पुग्न सक्नेतर्फ अवगत गराउँदै छिटोभन्दा छिटो यसको समाधानका लागि नेपाल सरकारले पहल गर्न आवश्यक रहेको बताए ।

नेपालले भारतबाट वार्षिक सात/आठ अर्ब बढीको चामल आयात गर्दै आएको छ ।

# महानगरको अभियानमा नागरिकको साथ

काठमाडौं, २५ भदौ (रासस)/ काठमाडौं महानगर पालिका-१८ का मञ्जली शाक्यलाई कामपाका प्रमुख बालेन्द्र साहको निर्देशनमा सुरु भएको अवैध संरचना भत्काउने काम सकारात्मक लागेको छ । शाक्य भन्छन्, "यसलाई निरन्तरता दिनुपर्छ, सोहीअनुसारको संरचना कसैको भत्काउने कसैको नभत्काउने गरियो भने यसमा विमति जनाइन्छ अन्यथा सकारात्मक कार्यको थालनीमा सहयोग रहन्छ", उनले भने ।

"नगरप्रमुख साहले अवैध संरचना भत्काउने सम्बन्धमा अहिलेसम्म गरेको अध्यास ठीक छ । कानुनविपरीतका संरचना भत्काउँदा व्यक्तिगतरूपमा व्यक्तिलाई घाटा वा नाफाभन्दा पनि सामूहिकरूपमा यसको प्रभाव के हो भन्ने विषय प्रमुख हो", शाक्यले भने ।

दश वर्षदेखि काठमाडौं बस्दै आएकी धादिङकी फूलमाया तामाङ पनि कामपाले सुरु गरेको अवैध संरचना भत्काउने र फुटपाथमा सञ्चालन हुँदै आएको पसल हटाउने कार्यलाई राम्रो भन्छन् । यसरी संरचना भत्काइरहँदा नगरप्रमुखको नजर गरिखाने वर्गमा मात्रै नपरोस्, कानुन सबैमा बराबर लागू होस्, हुनेखानी र पहुँचवालालाई पनि यसले आभाष दिलाओस् यसमा हाम्रो सहयोग नै रहन्छ ।

फूलमाया र मञ्जलीले जस्तै कामपा वडा नं १७ का यशोधा थापाको भनाइ पनि प्रमुख साहको समर्थन गर्ने पक्षमा नै छ । शिक्षण पेशा गर्दै आएकी थापाले भने, "नगरपिताले केही सकारात्मक परिवर्तन गर्न खोज्नुभएको छ, त्यसमा हाम्रो साथ रहन्छ ।"

कामपाको भित्री क्षेत्रमा कुनै पनि समयमा सहजरूपमा आवतजावत गर्न सकिँदैन, जताततै पसल छ, पसलको कारण कठिन भयो भन्न पाइँदैन उल्टै पसल सञ्चालकले नै गाली गर्छन् उनीहरूसँग डराएर हिँड्नुपर्ने अवस्था छ, प्रमुख साहको कदमले आगामी दिनमा उक्त समस्याबाट मुक्त पाउने विश्वास शिक्षक थापाको छ ।

थापा भन्छन्, "यो काम राम्रो छ, यसलाई महानगरको सबै स्थानमा अनुगमन गरी गैरकानुनी संरचना भत्काउने र नागरिक आवतजावतगर्ने बाटोमा सञ्चालन भइरहेका सबै पसल हटाउनुपर्छ ।"

थापा र शाक्यको भन्दा फरकमत छ रामेछामको अर्पण केसीको । उनले १३ वर्षदेखि असनको फुटपाथमा सञ्चालित जुत्ता व्यापारबाट छोराछोरीको लालनपालन गर्दै आएको थियो । पछिल्लो समय कामपाले अवैध संरचनासँगै फुटपाथ पसल हटाउने कामपले धेरैको व्यापार-व्यवसायमात्रै होइन, दैनिक खाने गाँससमेत खोसिएको छ । संरक्षण गर्नुपर्ने निकायले झनै विजोग बनाएर छाडेको उनले दुःखेसो पोखे ।

चाडवाडको मुखमा महानगरले धेरैको बिजोग बनाएको उनको गुनासो छ । "लामो समयदेखि गरिँदै आएको पेशामात्रै खोसिएको छैन, काम गर्ने स्थान पनि खोसिएको छ", केसीले भने, "हटाउँदा पनि विकल्प दिनुपर्थ्यो", उनले भने । कामपाले यही भदौ ६ गतेदेखि अवैधरूपमा निर्माण गरिएका र सार्वजनिक जग्गा मिचेर निर्माण गरिएका सम्पूर्ण संरचना भत्काउने काम निरन्तर गरिरहेको छ ।

कामपालेयसलाई अभियानका रूपमा नै अघि बढाएको भन्दै यो कार्य कसैले रोक्न नसक्ने भन्दै यसलाई निरन्तर अघि बढाउने अडान लिएको छ । कानुनीरूपमा अवैध ठहर भएका सबै संरचना भत्काउने काम निरन्तर गरिनेछ, त्यसका लागि कामपाले नक्साअनुरुप वैध-अवैध यकिन गरिरहेको छ, कामपाका नगर प्रहरी प्रमुख राजुनाथ पाण्डेले भने ।

"नक्साविपरीतका संरचना, नक्सापास नगरी निर्माण भएका संरचना र सार्वजनिक जग्गा मिचेर बनाएका सबै संरचना भत्काउने काम कामपाको कर्तव्यभित्र पर्छ", उनले भने । यो कामलाई अभियानका रूपमा सञ्चालन गरिने र महानगरको ३२ सै वडामा निर्माण भएका यस्ता कुनै पनि संरचना बाँकी राखिने छैन, महानगरप्रमुख साहको सचिवालय सदस्य सुनिल लम्सालले भने ।

यस सम्बन्धमा कामपाको ३५ दिने सार्वजनिक सूचना जारी गरेको थियो र सम्बन्ध भएका व्यक्ति वा संस्थाले यसको बेवास्ता गरेपछि कामपाले अवैध संरचनामा डोजर चलाउन थालेको हो ।

# नवयुवाको कारोबार २५ करोड ५१ लाख

साझाकुरा संवाददाता

हेटौंडा, २५ भदौ/ नवयुवा बचत तथा ऋण सहकारी संस्थाले आव २०७८/०७९मा २५ करोड ५१ लाख ४१ हजार १०९ रुपैयाँको कारोबार गरेको छ ।

हेटौंडा-११ नवलपुरमा रहेको संस्थाले शनिबार १४ औं वार्षिक सभा गर्दै गत आर्थिक वर्ष २०७८/०७९मा २५ करोड ५१ लाख ४१ हजार १०९ रुपैयाँको कारोबार गरेको जनाएको हो ।

सहकारीले सदस्यलाई २० करोड ८० लाख ८६ हजार ३ सय ४८ रुपैयाँ लगानी गरेको छ भने १८ करोड ८१ लाख २२ हजार ५२८ रुपैयाँ बचत निक्षेप संकलन गरेको संस्थाका व्यवस्थापक नन्दलाल श्रेष्ठले बताए ।

सहकारीमा एक हजार ८६५ जनाको ३ करोड ९७ लाख २० हजार दुई सय शेयरपुर्जी रहेको छ । सहकारीका अध्यक्ष फुलमान बलको अध्यक्षता तथा हेटौंडा उपमहानगरका मेयर मिनाकुमारी लामाको प्रमुख अतिथ्यतामा सभा भएको थियो ।

कार्यक्रममा अध्यक्ष श्रेष्ठले वार्षिक प्रतिवेदन पेश गर्नुका साथै सचिव गोविन्द पुडासैनीले आगामी प्रस्तावित नीति तथा कार्यक्रमको प्रतिवेदन पेश गरेका थिए ।

सहकारीले सभाको अवसर पारी असल ऋणीतर्फ तुलसी शिवाकोटी, नियमित बचततर्फ सोविता कुमारी अधिकारी, उत्कृष्ट बाल बचततर्फ प्रिन्स अर्याल, एकल महिला बचततर्फ टिकाकुमारी पराजुली, जेष्ठ नागरिक बचततर्फ धर्मकुमारी ढुङ्गाना, पेन्सन बचततर्फ कमली डिम्डुङ र नवयुवा विशेष बचततर्फ प्रल्हाद सापकोटालाई पुरस्कृत गरेको थियो ।

सोही अवसरमा संस्थागत विद्यालयका प्रिन्स बर्तौला र सामुदायिक विद्यालयका कृपा चौरेललाई छात्रवृति प्रदान गरिएको थियो । सहकारीले संस्थाका सहव्यवस्थापक सुभाष अर्याललाई उत्कृष्ट कर्मचारी पुरस्कार प्रदान गरेको थियो ।

सभामा वडा नम्बर ११ का अध्यक्ष जुना दाहाल, वडा सदस्यहरु गीता सुनार, संजय विडारी, विकास नेपाल, जिल्ला बचत संघका सहसचिव विजय बहादुर बस्नेत, हेटौंडा उपमहानगरका सहकारी विभाग प्रमुख हिमप्रसाद पौडेल, संस्थापक अध्यक्ष गोकर्ण पराजुली, नेस्कुन हेटौंडा कार्यालयका राजेन्द्रप्रसाद पौडेल, बागेश्वरी महिला साकोसका अध्यक्ष आशा अधिकारी, दिव्यतारा बहुउद्देश्यीय सहकारीका अध्यक्ष डा. गणेश लामा, संस्थाका सल्लाहकार कृष्णप्रसाद उप्रेती, सन्देश विडारी, विष्णु खनाल, दीपक शिवाकोटी लगायत विभिन्न संस्था तथा टोल विकासका प्रतिनिधिहरुको आतिथ्यता रहेको थियो ।

## ॐ वृद्धाश्रमको १६ औं वार्षिक साधारणसभा सम्पन्न



साझाकुरा संवाददाता

हेटौंडा, २५ भदौ/ हेटौंडा-२ चौकिटोलस्थित ॐ वृद्धाश्रमको १६ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ ।

शनिबार वृद्धाश्रमको अध्यक्ष सिद्धिलाल श्रेष्ठको अध्यक्षता तथा हेटौडा उपमहानगरपालिकाका प्रमुख मिना लामाको प्रमुख आतिथ्यतामा साधारणसभा भएको हो । साधारण सभामा वृद्धाश्रममा सचिव नारायण प्रसाद कर्डेलले प्रगति प्रतिवेदन तथा कोषाध्यक्ष फणिन्द्रप्रसाद तिमिल्सिनाले आर्थिक वर्ष २०७८/०७९ को आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए ।

प्रतिवेदनअनुसार वृद्धाश्रमले गत आर्थिक वर्षमा ६१ लाख ७५ हजार ४ सय ९४ रुपैयाँ आम्दानी गरेको छ । जसमा ५३ लाख ३५ हजार ८ सय ७ रुपैयाँ खुद बचत भएको वृद्धाश्रमले जनाएको छ ।

कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाको प्रवक्तसमेत रहेका १ नम्बर वडाध्यक्ष सविन न्यौपाने, २ नम्बर वडाध्यक्ष विष्णुगोपाल महर्जन, जेष्ठ नागरिक जिल्ला संघका अध्यक्ष हरिप्रसाद सिग्देलगायतको आतिथ्यता रहेको थियो ।

साधारणसभाको बन्दसत्रले प्रगति र लेखाको प्रतिवेदन पारित गर्नुको साथै समयानुकुल विधान संशोधन गर्न समिति गठन गर्नको लागि कार्य समितिलाई जिम्मा दिएको अध्यक्ष श्रेष्ठले जानकारी दिए । उनले उक्त विधान संशोधन समितिले आगामी १७ औं साधारणसभामा संशोधित विधान प्रस्तुत गर्ने बताए ।

## युवा संघ नेपाल बागमती प्रदेशको कोषाध्यक्षमा भण्डारी चयन

साझाकुरा संवाददाता

हेटौंडा, २५ भदौ/ राष्ट्रिय युवा संघ नेपाल बागमती प्रदेशको कोषाध्यक्षमा मकवानपुरका नरेन्द्र भण्डारी चयन भएका छन् । शनिबार भएको प्रथम अधिवेशनबाट मकवानपुरका भण्डारी कोषाध्यक्षमा चयन भएका हुन् । जय गुरुङको नेतृत्वमा ९७ सदस्यीय युवा संघ नेपालको बागमती प्रदेश कार्यसमिति चयन गरिएको छ ।

यसैगरी संघको सदस्यमा मकवानपुरबाट विश्वराज राई, इन्साफ केसी, सागर पाण्डे, छेकु लामा, मीनू वाईबा, विजय बलामी र सुवास गोले चयन भएका छन् । समितिको उपाध्यक्षमा दिलिप पौडेल, सचिवमा राजु तिवारी सहसचिवमा माधव श्रीमाली र सहसचिवमा राजेश खड्का चयन भएका छन् ।

बागमती युथफोर्सको संयोजकमा सुरेनविक्रम योन्जन चयन भएका छन् भने उपप्रमुखमा सुमितजंग कार्की छन् । युवा संघकै घटक साइबर सर्कल एवं प्रवक्तामा विनोद पौडेलसहित ९७ सदस्यीय प्रदेश कमिटी चयन भएको युवा संघले जनाएको छ ।



**खोरेत बिरुद्धको खोप:** खोरेत रोग फैलिन थालेपछि हेटौंडा उपमहानगरपालिकाद्वारा नि:शुल्क सञ्चालन गरिएको अभियानअन्तर्गत् हेटौंडा-१ लालझाडी क्षेत्रका गाई भैंसीहरुमा खोरेत बिरुद्धको खोप लगाइँदै । शनिबार एकैदिन ४० वटा चौपायामा खोप लगाइएको खोप कार्यकर्ता अविन काफ्लेले जानकारी दिए । *- तस्वीर: साझाकुरा*

## हेटौंडेली प्रहरी अधिकृत थापा पर्सामा सम्मानित



साझाकुरा संवाददाता

हेटौंडा, २५ भदौ/ पर्सा जिल्ला अदालतले इलाका प्रहरी कार्यालय पोखरियाका प्रहरी निरीक्षक दीपक थापालाई सम्मान गरेको छ ।

जिल्ला न्यायाधीश धर्मराज पौडेलले हेटौंडेली प्रहरी निरीक्षक थापालाई बुधबार प्रशंसापत्रसहित सम्मान गरेका हुन् ।

अदालतमा कायम रहेको दण्ड जरिवानाको बेरुजु लगत असुल उपर गर्ने कार्यमा पुर्‍याएको योगदानको कदर स्वरुप प्रहरी निरीक्षक थापालाई प्रशंसापत्र प्रदान गरिएको तहसिलदार विनोद पोखरेलले जानकारी दिए । अदालती फैसला कार्यान्वयनमा उत्कृष्ट कार्य सम्पादन गर्ने प्रहरी अधिकृतलाई अदालतले वर्षेनी सम्मान गर्दै आएको छ । प्रहरी निरीक्षक थापाले अन्य प्रहरी अधिकृतले भन्दा बढी दण्ड जरिवाना असुलमा सहयोग पुर्‍याएकोले सम्मान गरिएको पर्सा जिल्ला अदालतले जनाएको छ । प्रशंसापत्र प्रदान गर्दै जिल्ला न्यायाधीश पौडेलले अदालतको फैसला कार्यान्वयन नहुँदा पीडितले न्याय नपाउने बताए ।

पर्सा जिल्ला अदालतले दिएको विवरण अनुसार आर्थिक वर्ष २०७७/७८ मा प्रहरीको सहयोग तथा अन्य उपायबाट ३४४ जना दोषीलाई पक्राउ गरी ५७ वर्ष ६ महीना १ दिन कैद र १ करोड ४८ लाख ८१ हजार २ सय ३० रुपैयाँ जरिवाना असुल भएको छ ।

## प्रतिफल बचतको ९ औं साधारणसभा सम्पन्न

साझाकुरा संवाददाता

हेटौंडा, २५ भदौ/ प्रतिफल बचत तथा ऋण सहकारी संस्थाको ९ औं साधारणसभा सम्पन्न भएको छ । शनिबार संस्थाका अध्यक्ष दीलिप गोविन्द जोशीको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगर पालिकाको मेयर मीनाकुमारी लामाको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा गत आर्थिक वर्षमा सहकारी भएको आयव्ययको विवरण पेस गरिएको थियो ।

त्यस्तैगरी सहकारीले जेष्ठ नागरिक, असल ऋणी, असल बचतकर्ता तथा दुईजना उत्कृष्ट कर्मचारीलाई सम्मानसमेत गरेको थियो ।

## ग्याँस विक्रेता महासंघको नवनिर्वाचित कार्यसमिति पदस्थापित



साझाकुरा संवाददाता

हेटौंडा, २५ भदौ/ ग्याँस विक्रेता महासंघ नेपाल बागमती प्रदेशको नवनिर्वाचित कार्यसमितिलाई पदस्थापना गरिएको छ ।

काठमाडौंमा सम्पन्न दोस्रो अधिवेशनबाट महासंघ नेपाल बागमती प्रदेशको नवनिर्वाचित कार्यसमितिलाई शनिबार हेटौंडामा पदस्थापना गरिएको हो ।

महासंघ बागमती प्रदेशका अध्यक्ष राधिका महर्जनको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगरपालिका प्रमुख मीना कुमारी लामाले नवनिर्वाचित कार्यसमितिलाई प्रमाणपत्र प्रदान गरेकी थिइन् ।

महासंघ प्रदेशको दोस्रो अधिवेशन तथा चौथो वार्षिक साधारण सभाबाट अध्यक्षमा बिनोदमान श्रेष्ठ, वरिष्ठ उपाध्यक्षमा सन्तप्रसाद श्रेष्ठ (प्रविन), उपाध्यक्षमा उषा पौडेल, महासचिवमा केशवप्रसाद मुडभरी, कोषाध्यक्षमा मदनकुमार न्यौपाने र सचिवमा हरिदास अमात्य सर्वसम्मत चयन भएका थिए ।

त्यसैगरी सदस्यमा लिलाधर शर्मा, खड्क भुवन श्रेष्ठ, विश्व जोशी, कृष्णबहादुर ढुंगाना र जितबहादुर सारु मगर चयन भएका थिए । ग्याँस विक्रेता महासंघ नेपाल बागमती प्रदेशको नवनिर्वाचित कार्यसमितिलाई मकवानपुर ग्याँस व्यवसाय संघले शनिबार नै बधाई तथा शुभकामना ज्ञापन गरेको छ ।

कार्यक्रममा ग्याँस विक्रेता महासंघका उपाध्यक्ष अर्जुन खत्री, महासंघका निर्वाचन समितिका अध्यक्ष विष्णुप्रसाद दुलाल, मकवानपुर ग्याँस व्यवसायी संघका अध्यक्ष दिलिशगोविन्द जोशीलगायतको आतिथ्यता रहेको थियो ।

## किँरात देवास राई उत्थान समाजको राष्ट्रिय सम्मेलन हेटौंडामा

साझाकुरा संवाददाता

हेटौंडा, २५ भदौ/ किँरात देवास राई उत्थान समाजको पाँचौ राष्ट्रिय सम्मेलन हेटौंडामा सुरु भएको छ । समाजको पाँचौ राष्ट्रिय सम्मेलन शनिबारबाट हेटौंडामा सुरु भएको हो । आफ्नो भाषा, कला, संस्कृतिको संरक्षण गरौं, जातिय उत्थानमा सहभागी बनौं भन्ने नाराका साथ पाँचौ राष्ट्रिय सम्मेलन भइरहेको छ । दुईदिन चल्ने राष्ट्रिय सम्मेलनको बागमती प्रदेशका भौतिक पूर्वाधार राज्यमन्त्री सन्तबहादुर प्रजाले उद्घाटन गरेका छन् ।

कार्यक्रमको उद्घाटन गर्दै राज्यमन्त्री प्रजाले संविधानले समावेशिता, समानता एवम् मौलिक अधिकारलाई सुरक्षित गरेको भएतापनि त्यसको प्रभावकारी कार्यान्वयन हुन नसकेको बताए । उनले आदिवासी, जनजाति, सिमान्तकृत तथा अल्पसंख्यक समुदायको हितका लागि तीनै तहका सरकारले विशेष योजना ल्याई कार्यान्वयनको चरणमा लैजानुपर्ने औंल्याए ।

राज्यमन्त्री प्रजाले यथास्थितिबादीहरुको भेदभावपूर्ण व्यवहारका कारण आज पनि समानताको उद्देश्य पूर्णरुपमा पूरा नभएको बताए । विभिन्न जातजातिको लागि भाषा, भेषभूसा, कला तथा संस्कृति ठूलो सम्पती भएको उल्लेख गर्दै उनले त्यसको संरक्षण र संस्थागत गरिनुपर्ने बताए ।

बागमती प्रदेश सरकारले भाषा आयोग गठन गरिसकेको बताउँदै उनले भाषा तथा लिपीको विकास गरिनेसमेत बताए ।

देशभरका विभिन्न जिल्लामा बसोबास गर्ने देवास राईहरुको कार्यक्रममा सहभागिता रहेको छ । किँरात देवास राई उत्थान समाजका केन्द्रीय अध्यक्ष आसमान राईको अध्यक्षतामा भएको कार्यक्रममा समाजका केन्द्रीय महासचिब जनक राई, केन्द्रीय सल्लाहकार प्रेम राई, किँरात देवास राई उत्थान समाजका मकवानपुर अध्यक्ष कृष्ण बहादुर राईलगायतको आतिथ्यता रहेका थिए ।


**आवश्यकता**

*प्रथम पटक प्रकाशित मिति : २०७९/०५/२६*

यस सुन्दर बचत तथा ऋण सहकारी संस्था लि.को लागि तपसिलबमोजिम योग्यता पुगेका उल्लेखित कर्मचारी आवश्यकता भएकाले आवेदन दिन इच्छुक नेपाली नागरिकबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र दरखास्त आह्वान गरिन्छ ।

**पद :** प्रबन्धक
**पद संख्या :** १ जना
**शैक्षिक योग्यता :** वाणिज्य संकायमा स्नातक उतीर्ण
**अनुभव/ज्ञान :** सहकारी व्यवस्थापनमा कम्तिमा २ वर्ष अनुभव भई कम्प्युटर राम्ररी चलाउन जान्ने ज्ञान भएको ।
**उमेर :** १८ बर्ष पूरा भई ३५ बर्ष ननाघेको
**सेवा सुविधा :** संस्थाको नियमानुसार

**पद :** बजार प्रतिनिधि
**संख्या :** केही
**योग्यता :** एसईई/एसएलसी वा सो सरह
**सेवा सुविधा :** संस्थाको नियमानुसार
**अनुभव/ज्ञान :** सम्बन्धित क्षेत्रमा ज्ञान भएको ।
**ग्राहयता :** महिलालाई विशेष ग्राहयता दिइनेछ ।
**पेश गर्नुपर्ने कागजातहरु :** निवेदन तथा व्यक्तिगत विवरण (Bio-Data), शैक्षिक योग्यता तथा नागरिकता प्रमाणपत्रको छायाँप्रति र फोटो ।

*नोट : प्रारम्भीक छनौटमा परेका उमेदवारहरुलाई अन्तर्वार्ताको लागि सहभागी गराइने छ । दरखास्त स्वीकृत गर्ने वा नगर्ने अधिकार संस्थामा निहित रहनेछ ।*

**सुन्दर बचत तथा ऋण सहकारी संस्था लि.**
**हेटौंडा-१, मकवानपुर**
**सम्पर्क:** ०५७-५२६८४९

**पसल बिक्रीमा**

स्कुलरोडमा चालु अवस्थामा रहेको अति व्यस्त कपडा पसल विशेष कारणले बिक्रीमा ।

**फोन नं.: ९८४५४८७२३२**

**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

***के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?***

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

**भर्ना खुल्यो ! भर्ना खुल्यो !!**

**3 YEARS LAB TECHNICIAN RADIOGRAPHY**

SEE/SLC पास पछिको ३ वर्षे प्रमाणपत्र तहमा CTEVT बाट मान्यता प्राप्त यस शिक्षण संस्थामा शैक्षिक सत्र २०७९ र ०८० को लागि निम्न कार्यक्रमहरुमा भर्ना खुल्यो । मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका (SEE/SLC) परीक्षामा अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषय लिई समग्र Grade Point Average (GPA) न्यूनतम २ प्राप्त हुनु पर्नेछ ।

**MTI विशेषताहरू:**

- उत्कृष्ट एवम् अनुभवी प्राध्यापकहरुद्वारा अध्यापन गराइने,
- उत्कृष्ट पूर्वाधार प्राप्त OJT को व्यवस्था,
- स्वच्छ, शान्त, पारिवारिक एवम् मनोरम शैक्षिक वातावरणमा पठनपाठन हुने,
- विद्यार्थीहरुलाई प्रोजेक्टरको माध्यमबाट पठनपाठन गराइने,
- उत्कृष्ट ल्याबको सुविधा

Lab Technician -30 Seats
Radiography -30 Seats

**फारम शुल्क रु १५००/-**

- फारम वितरण मिति २०७९/०५/२२ गते बुधबारदेखि,
- फारम बुझाउने अन्तिम मिति २०७९/०६/०५ गते बेलुका ४:३० बजेसम्म,

**मकवानपुर टेक्निकल इन्ष्टिच्युट**
हेटौंडा-५, भैरवरोड, सम्पर्क: ०५७-५२१८५२, ५२०६८८ ९८४५०२९८१०

**प्रोपाईटर:** बिनोद शाही ☏ ९८४५०२२५३१, ९८१७२२४३६२

**विक्की फ्रेस मिट शप**
हेटौंडा-२, चौकीटोल



हामीकहाँ लोकल तथा ब्रोइलर कुखुराको मासु, खसीको मासु, बंगुरको मासु, राँगाको मासु पाउनुको साथै जीउँदो माछा पनि पाईन्छ ।


**www.sajhakuranews.com** मा पनि हेर्न सक्नुहुन्छ ।



कोरोना भाइरसबाट बचौं र बचाऔं ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना